केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०६/०८१/८२

मिति : २०८१/०९/२५

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. १९/०८० को प्रस्तावनामा संशोधन। | यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७ प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ। विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन। | यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, **२०८१** (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७ प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ। विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन। |
| २. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं. १ को (ङ) मा संशोधन। | ऐनको परिच्छेद छ (ख) र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति, | ऐनको परिच्छेद **६**ख. र **नियमावलीको परिच्छेद ६** बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति, |
| ३. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं. २ को (१) मा संशोधन। | ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७ क. र नियमावलीको नियम ४ तथा ५ बमोजिम गर्नु पर्नेछ। ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान, भौगोलिक स्थान (Geolocation) तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक | (१) **ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहायबमोजिम गर्नुपर्नेः**<br>(क) **संस्थाले** ऐनको दफा ७ क. र नियमावलीको नियम ४ तथा नियम ५ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ।<br>(ख) **ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको** |

| | | | |
|---|---|---|---|
| | | सम्बन्ध स्थापित गर्न सकिनेछ । यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरेको हुनुपर्नेछ । विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।<br>साथै, नेपाल सरकारले सामाजिक सुरक्षा लगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्नेछ। त्यस्तो खाताबाट रकम झिक्नु अघि यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ । | **पहुँचका आधारमा संस्थाले नियमावलीको नियम ३ बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न सक्नेछ ।**<br>**(ग) विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने**<br>अ) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान, भौगोलिक स्थान (Geolocation) तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ ।<br>आ) यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरेको हुनुपर्नेछ ।<br>इ) विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।<br>(घ) **बैंक तथा वित्तीय संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकीन गरी अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय** |

| | | | |
|---|---|---|---|
| | | | **परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।**<br>(ङ) **नेपाल सरकारले सामाजिक सुरक्षा लगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्नेछ । त्यस्तो खाताबाट रकम झिक्नु अघि यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ ।** |
| ४. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं. २ को (२) मा संशोधन । | ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रवन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम २ को बुँदा (क) बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ । | ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रवन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम **१, २ र ३ बमोजिमको** प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ । |
| ५. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं. २ को (३) मा संशोधन । | नियमावलीको नियम ३ बमोजिम व्यवसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोवार भएमा निज ग्राहकको पहिचान हुन सक्ने विवरण र कागजात लिनु पर्नेछ । | नियमावलीको नियम **४ को उपनियम ४** बमोजिम व्यावसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट एक दिनमा एक पटक वा पटक पटक गरी रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोबार भएमा निज ग्राहकको पहिचान हुन सक्ने विवरण र कागजात लिनुपर्नेछ । |
| ६. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं.२ को उपबुँदा (११) थप गरिएको । | हाल नरहेको । | **ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बरको विवरण निज ग्राहककै रहे नरहेको सूनिश्चित गर्न निहित जोखिमका आधारमा संस्थाले आवश्यक पहिचान पद्धति अवलम्बन गर्नुपर्नेछ ।** |
| ७. | इ.प्रा. निर्देशन नं.१९/०८० को बुँदा नं.३ मा संशोधन । | ऐनको परिच्छेद ६ ख. अन्तर्गतको दफा २९ ङ. को उपदफा (१) र (३) बमोजिम प्रकाशित सूची नियमित | **(१) ऐनको परिच्छेद ६ख. बमोजिम प्रकाशन गरिएको सूची तथा नियमावलीको नियम ६९ बमोजिम गृह मन्त्रालयले** |

| | | | |
|---|---|---|---|
| | | रुपमा हेर्नु पर्नेछ र सो सूचिकृत व्यक्ति, समूह वा संगठन आफ्नो ग्राहक भए नभएको यकीन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ । | **विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा संगठनको सूची वा सो सँग सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनसँग आफ्नो कारोबार भए नभएको नियमित रुपमा यकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्नेछ ।**<br>(२) **सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता, लकर वा अन्य कुनै रकम संस्थासँग रहेको भएमा तत्काल रोक्का राखी नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा यस बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई ३ दिनभित्र जानकारी गराउनुपर्नेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराउनुपर्नेछ ।** |
| ८. | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ४ मा (३) थप गरी क्रम संख्या मिलान गरिएको । | हाल नरहेको । | **(३) संस्थाले उच्च पदस्थ व्यक्तिको वर्गीकरण देहायबमोजिम गर्नुपर्नेछ :**<br>**(क) पदमा बहाल रहेका उच्च पदस्थ व्यक्ति,**<br>**(ख) पदमा बहाल नरहेका उच्च पदस्थ व्यक्ति,**<br>**(ग) छिमेकी वा नजिकका मुलुकको विदेशी उच्च पदस्थ व्यक्ति,**<br>**(घ) अन्य विदेशी उच्च पदस्थ व्यक्ति,**<br>**(ङ) अन्तर्राष्ट्रिय संस्थाको उच्च पदस्थ व्यक्ति ।** |
| ९. | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ४ को (३) मा संशोधन । | उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ । | उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले **कम्तीमा १० वर्षसम्म** कायम राख्नु पर्नेछ । |
| १० | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ४ को (४) हटाउने । | उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरुको सूचना तथा जानकारी बैंक तथा वित्तीय संस्थाले जोखिमको आधारमा वा आवश्यकता अनुसार लिन सक्नेछन् । | **हटाईएको** |

| | | | |
|---|---|---|---|
| ११ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ४ मा उपबुँदा (५) थप गरी क्रम संख्या मिलान गरिएको । | हाल नरहेको । | **(५) संस्थाले आफ्नो ग्राहक उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्ति भए नभएको यकीन गर्न आफूसँग ग्राहकबाट प्राप्त जानकारी तथा बुँदा नं. (१) बमोजिम बनाइएको संयन्त्र प्रयोग गर्नुपर्नेछ ।** |
| १२ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ४ मा उपबुँदा (६) थप गरी क्रम संख्या मिलान । | हाल नरहेको । | **(६) २०८१ माघ १ सम्ममा संस्थाले सबै उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्नेछ ।** |
| १३ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. (७) को उपबुँदा (४) हटाइएको । | नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भएबमोजिम खोलिने खाताहरुको सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । तर, ३ महिना वा सो भन्दा कम अवधिको उत्पादन वा सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमका लागि खाता खोल्नु परेमा यस बैंकको पूर्व स्वीकृति आवश्यक पर्ने छैन। | **हटाईएको** |
| १४ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ८ मा उपबुँदा (६) थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | **(६) ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा राष्ट्रिय जोखिम मुल्याङ्कन र पारस्परिक मुल्याङ्कन प्रतिवेदन २०२३ ले औंल्याएका जोखिमयुक्त सम्बद्ध कसुर जस्तैः (१) भष्ट्राचार, (२) कर छली, (३) मानव बेचबिखन एवं अन्य जोखिमयुक्त सम्बद्ध कसुरहरु र क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी, बहुमूल्य धातु वा वस्तु व्यवसायी, घरजग्गा खरिद/बिक्री व्यवसायी तथा सहकारीहरुको खाता र आवद्ध व्यक्तिहरुको पहिचान र निजहरुको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नुपर्नेछ ।** |
| १५ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. ११ को (१) मा संशोधन । | ११. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा तथा सम्पति | ११. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/**गतिविधिको** (**TTR/STR/SAR**) सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा |

| | | | |
|---|---|---|---|
| | | शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :<br><br>(१) बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार देहायबमोजिम पेश गर्नु पर्नेछ। (क) बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML -Production Environment) बाट मात्र सीमा तथा शंकास्पद कारोबार/गतिविधि सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्नेछ। | तथा सम्पति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :<br><br>(१) बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/**गतिविधि**को प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम **३६** अनुसार अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML -Production Environment) बाट मात्र पेश गर्नुपर्नेछ। |
| १६ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं.१५ को उपबुँदा (१) को खण्ड (ख) मा संशोधन। | (ख) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाखभन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण, | (ख) कुनै **खाताबाट** एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाखभन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण, |
| १७ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. १६ को (२) मा संशोधन। | (२)ऐनको दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा सोको आवश्यक जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/Activity Report -STR/SAR) goAML Software मार्फत वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ। सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines', 'goAML Operational Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ। | (२) ऐनको दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा सोको आवश्यक जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/Activity Report - STR/SAR) goAML Software मार्फत वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ। सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ र 'goAML Operational Guidelines' को **पालना गर्नु**पर्नेछ। |
| १८ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं.१६ मा उपबुँदा (९) थप। | हाल नरहेको। | **(९) कानूनी व्यक्ति वा कानूनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानूनी व्यक्ति वा** |

| | | | |
|---|---|---|---|
| | | | **कानूनी प्रबन्धको खाता बाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा वा प्रचलित कानून बमोजिम बाहेक व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा शंकास्पद कारोबारको रुपमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ।** |
| १९ | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं.१९ को (४) मा संशोधन। | बैंक तथा वित्तीय संस्थाले व्यवस्थापकीय तहको कार्यान्वयन अधिकारी (Compliance Officer) प्रमुख रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ। | बैंक तथा वित्तीय संस्थाले व्यवस्थापकीय तहको कार्यान्वयन अधिकारी (Compliance Officer) प्रमुख रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ। **कार्यान्वयन अधिकारीको नियुक्ति तथा शंकास्पद कारोबार प्रतिवेदन पठाउने सम्बन्धमा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेछ।**<br>(क) **संस्थाले कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज सम्बन्धित नियमनकारी निकायका पदाधिकारी वा उच्च व्यवस्थापनका कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदार नरहेको यकीन गर्नुपर्नेछ।**<br>(ख) **संस्थाले शङ्कास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार को विवरण पठाउनुपर्ने भएमा निज बाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनुपर्नेछ।** |
| २० | इ.प्रा. निर्देशन नं. १९/०८० को बुँदा नं. २० मा संशोधन। | अभिलेख व्यवस्थापन सम्बन्धमा :<br>इजाजतपत्रप्राप्त संस्थाले ऐनको दफा ७ द. र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ। साथै, उपरोक्त विवरणहरु आवश्यक परेको वखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा | अभिलेख व्यवस्थापन सम्बन्धमा :<br>इजाजतपत्रप्राप्त संस्थाले ऐनको दफा ७ द. र नियमावलीको नियम **१८.** बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ। साथै, उपरोक्त विवरणहरु आवश्यक परेको वखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ। यसरी राखेको |

| | | | |
|---|---|---|---|
| | | समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारबाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ । | अभिलेख कानुनी कारबाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ । |
| २१ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (क) को (५) मा ख. थप गरी क्रम संख्या मिलान । | हाल नरहेको । | **ख. राष्ट्रिय परिचयपत्र**<br>**राष्ट्रिय परिचयपत्र नं...........जारी मिति..........** |
| २२ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (क) को (६) को ख. मा संशोधन । | ख.अभिभावक वा संरक्षकको नागरिकता/राहदानी/मतदाता परिचयपत्र/सवारीचालक अनुमतिपत्र | ख. अभिभावक वा संरक्षकको नागरिकता/**राष्ट्रिय परिचयपत्र**/राहदानी/मतदाता परिचयपत्र/सवारीचालक अनुमतिपत्र |
| २३ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (क) को (११) मा संशोधन । | निवेदकले संलग्न गनुपर्ने कागजातहरु:<br>(अ)नागरिकता वा राहदानी वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र | निवेदकले संलग्न गनुपर्ने कागजातहरु:<br>(अ)नागरिकता वा **राष्ट्रिय परिचयपत्र वा** राहदानी वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र |
| २४ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ख) को (११) मा संशोधन । | प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र । | प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र । |
| २५ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ग) को (१२) मा संशोधन । | सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र । | सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| २६ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (घ) को (१२) मा संशोधन। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता राहदानी वा **राष्ट्रिय परिचयपत्र** वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। |
| २७ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ङ) को (११) मा संशोधन। | सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। | सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। |
| २८ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (च) को (११) मा संशोधन। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र तथा सञ्चालक वा व्यवस्थापन समितिका सदस्यहरुको ठेगाना खुल्ने कागजात। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र तथा सञ्चालक वा व्यवस्थापन समितिका सदस्यहरुको ठेगाना खुल्ने कागजात। |
| २९ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (छ) को (११) मा संशोधन। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। | कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। |
| ३० | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ज) को (११) मा संशोधन। | कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। | कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। |
| ३१ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ञ) को (१६) मा संशोधन। | वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारी, नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो, नागरिकता वा राहदानीको छबिचित्र र ती व्यक्तिहरुको ठेगाना पुष्टी हुने कागजात। | वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारी, नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो, नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानीको छबिचित्र र ती व्यक्तिहरुको ठेगाना पुष्टी हुने कागजात। |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| ३२ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ड) को (५) मा संशोधन। | खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्ट वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। | खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा पासपोर्ट वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र। |
| ३३ | इ.प्रा. निर्देशन नं.१९/०८० को अनुसूची १९.१ को (ढ) को (क) मा संशोधन। | व्यक्तिगत ऋणी तथा जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपि, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण। | व्यक्तिगत ऋणी तथा जमानत दिने व्यक्तिको हकमा निजको नागरिकता वा **राष्ट्रिय परिचयपत्र**को प्रतिलिपि, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण। |